नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

## आ.व. २०८१/०८२ स्टेशनरी तथा कार्यालय सामान खरिद तथा छपाई सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

### सूचना प्रकाशन मिति - २०८१/०६/२२

यस कार्यालयका लागि आवश्यक स्टेशनरी तथा कार्यालय सामान आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरुले देहाय वमोजिमका शर्तहरुको अधीनमा रही रीतपूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

१ तपसिल बमोजिमको दरभाउपत्र फाराम दस्तुर बुझाएको बैंक भौचर संलग्न राखी यो सूचना प्रकाशन भएको मितिदेखि १५ औं दिनसम्मको कार्यालय समयभित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

| दरभाउपत्र/ठेक्का नं. | मालसामानको विवरण | आवश्यक संख्या | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| 1/DRI/081/82 | कार्यालय सञ्चालनका लागि मसलन्द तथा छपाई | दरभाउपत्र फारममा संलग्न गरिएको छ । | रु. १,०००।- | ५९,६०२।- | सिलबन्दी दर्ता |

२ दरभाउपत्र दस्तुर निम्नलिखित बैंकमा बुझाई सोको सक्कल भौचर दरभाउपत्र फाराम खरिदका लागि पेश गरेको निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

**बैंकको नाम-** नेपाल बैंक लि., गावहल

**कार्यालयको नाम-** राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर

**कार्यालय कोड-** ३०१०५३४०१

**कार्यालयको खाता नं.-** ००१०१००००००००१००१००१

**राजस्व शीर्षक न.-** १४२२९

३ दरभाउपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस विभागको नाममा जारी भएको बिडबण्ड वा राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरको नाममा नेपाल बैंक लि., गावाहलको ०१८०१०००००२००३००००००१ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । बिडवण्डको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ ।

४ दरभाउपत्र फाराम सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र यस कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ ।

५ दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १.०० बजे कार्यालयमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर, कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन/दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ ।

६ दरभाउपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजात पेश गर्नुपर्नेछ ।

(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ख) मूल्य अभिवृद्धि कर र पान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायसम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति, (घ) आ.व.२०७९।०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ङ) फर्म/कम्पनीले आधिकारिक रुपमा खरिद कार्य गर्नका लागि प्रतिनिधि नियुक्त (power of attorney letter) गरेको सक्कलै पत्र ।

७ दरभाउपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर **स्टेशनरी तथा कार्यालय सामान खरिद तथा छपाई सम्बन्धी सम्बन्धी दरभाउपत्र** २०८१/०८२ भनी स्पष्टसँग उल्लेख गर्नु पर्नेछ।

८ यसै सूचनाको बुँदा नं. ६ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, दरभाउपत्रसम्बन्धी कागजातमा दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी पेश हुन आएका दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

९ दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहने छ। स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लिखित सम्पूर्ण मालवस्तुहरु सम्झौता भएको मितिले एक महिना भित्र आपूर्ति गरिसक्नु पर्नेछ ।

१० यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

यस सूचनामा परेका कुरा यसै सूचना बमोजिम हुनेछ, भने यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।